फोन नं :०६५-६२००९६

# ऋषिङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पोखरीभञ्ज्याङ्ग, तनहूँ

गण्डकी प्रदेश, नेपाल

## ऋषिङ्ग गाँउपालिका-७, सेतीगण्डकी टुनीबोट्टे घाट खण्ड नदिजन्य पदार्थ उत्खन्न तथा विक्री कार्य

ठेक्का नं. २- आय वर्ष ०८२/८३

सिलबन्दी दरभाउपत्र फाराम

२०८२, भाद्र २४ गते

मुल्य रु : १०००।-

अनिल अंगाई
प्रमुख प्रशासकीय अधिकृत

# ऋषिङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पोखरीभञ्ज्याङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

W58J+MP3

## ऋषिङ्ग गाउँपालिकाको क्षेत्राधिकार भित्रको नदिजन्य पदार्थ (ढुंडा, गिटि, बालुवा आदी) उत्खनन् तथा विकी सम्बन्धी गोप्य सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०५/२४)

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ११ र ६४) एवं ऋषिङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय वमोजिम आ.व. २०८२/८३ को लागी तोकिएको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हूने गरी देहायका घाट वा नदी किनारावाट ढुङ्गा, गिटि, वालुवा आदि उत्खनन तथा विक्रि गर्ने कार्य ठेक्कामा लगाउनुपर्ने भएकाले यो सिलवन्दि दरभाउपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुले सार्वजनिक खरीद अनुगमन कार्यालयको वेवसाइट **www.bolpatra.gov.np** बाट वा लिखित निवेदन सहित फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मु.अ.कर दर्ता प्रमाण पत्र तथा आर्थिक वर्ष २०८१/८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गरि तोकिएको दस्तुर कार्यालयमा वुझाई २०८२/०६/०८ गते सम्म कार्यालय समय भित्र यस कार्यालयवाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम दरभाउपत्र दाता स्वयं वा रितपुर्वकको लिखित वारेस पठाएर समेत खरिद गर्न सकिने छ ।

३. दरभाउपत्र पेश गर्दा आफुले कवुल गरेको कुल रकमको ५ (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको कुमारी वैंक लिमिटेड ऋषिङ्ग तनहूं स्थित धरौटी खाता च.हि.नं. ग.३/०८३००३४५५४१००००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा सोही रकम वरावरको मान्यता प्राप्त वाणिज्य वैंक वाट जारी भएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन मान्य अवधि भएको विडवण्ड पेश गर्नु पर्ने छ ।

४. सिलबन्दि गरिएको दरभाउपत्र मिति २०८२/०६/०९ गते दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नू पर्ने छ । नियमानूसार दर्ता हून आएका दरभाउपत्र फारामहरु सोही दिनको १.०० बजे यस कार्यालयमा दरभाउपत्र दाताहरु वा निजहरुको प्रतिनिधहरु समेतको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कूनै वाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

५. आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रस्ट रुपमा फरक नपर्ने गरि लेख्नु पर्ने छ । फरक पर्न गएमा अक्षरमा लेखिएको रकम लाई मान्यता दिईनेछ ।

अनिल अंगाई
प्रमुख प्रशासकीय अधिकृत

६. यस पुर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको फर्म/कम्पनी बाट पेश भएको दरभाउपत्रलाई मान्यता दिईने छैन, तर दरभाउपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा दरभाउपत्र पेश गर्न कुनै वाधा पर्नेछैन ।

७. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर (VAT) १३ प्रतिशत र अग्रिम आयकर वापतको १.५ प्रतिशत रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

८. कुनै शर्त राखी पेश गरेको, रित नपुगेको दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।

९. पेश भएका दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. विधुतीय माध्यम बाहेकका सिलबन्दि दरभाउपत्रको खाम बाहिर कार्यालयलाई सम्बोधन गरि सुचनामा उल्लेख भएको ठेक्का नम्वर तथा कामको विवरण प्रष्ट रुपमा लेख्नु पर्नेछ ।

११. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं.०६५-६२००९६ वा ९८५६०६३६८५ मा सम्पर्क गर्न सकिनेछ ।

तपशिल

| ठेक्का नं. | विवरण | उत्खन्न परिमाण ( घ .मी ) | न्यूनतम अंक ( करहरु बाहेक) | दरभाउपत्र फारम दस्तुर | घरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| २-आय २०८२/८३ | ऋषिङ्ग गाँउपालिका-७, सेतीगण्डकी टुनिबोटे घाट खण्ड नदिजन्य पदार्थ उत्खन्न तथा विक्री कार्य | २३०६ | ५,७०,०४९.८९।- (अक्षरुपी पाँच लाख सत्तरी हजार उनन्पचास रुपैंया उनन्नब्वे पैसा मात्र) | १०००।- (एक हजार मात्र) | कबोल अंङ्कको ५ प्रतिशत | |

अनिल अंगाई

प्रमुख प्रशासकीय अधिकृत

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
ऋषिङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
तनहुँ ।

**विषय : घाटको आन्तरिक विक्रिकर उठाउने दरभाउपत्र पेश गरेको ।**

महोदय,

यस कार्यालयको मिति २०८२/०५/२४ गते सेती मादी राष्ट्रिय दैनिकमा पत्रिकामा प्रकाशित सूचना वमोजिम कार्यालयले राखेको शर्तको अधिनमा रहि तपशिल वमोजिमका घाट वगर वाट स्विकृत आइ.ई.ई. अनुसार आन्तरिक विक्रिकर शुल्क उठाउने कार्यको लागी यस कार्यालयमा एकमुष्ठ वा किस्तावन्दिमा ठेक्का रकम बुझाई आ.ब. २०८२/८३ को लागी ठेक्का लिन मेरो मञ्जुरी भएकाले बोलकवुल अंकको ५ प्रतिशत का दरले हुने धरौटी रकम निम्नअनुसारको खातामा दाखिला गरि वा रित पुर्वकको वैंक जमानत पेश गरि तपशिल वमोजिमको बोल कवोल अंक कवोल गरि निवेदन पेश गरेको छु । साथै त्यस कार्यालयवाट माग भएका कागजातहरुको प्रमाणित प्रतिलिपि यसै दरभाउपत्र फाराम साथ पेश गरेको छु । उक्त ठेक्कामा सहभागी हुन म सवै तरहले योग्य छु । साथै यसै सुचना संग सम्वन्धित संलग्न शर्तहरु अनुसार सम्झौता गर्न मञ्जुर छु ।

१) खाता नं. : कुमारी वैंक लिमिटेड ऋषिङ्ग शाखामा रहेको ऋषिङ्ग गाउँपालिकाको धरौटी खाता नं. ०८३००३४५५४१००००४

२) धरौटीको लागी ५ प्रतिशतले हुने वैंक जमानत वापत रकम रु.

३) धरौटीको लागी पेश भएको वैंक ग्यारेन्टी रकम रु.

४) वैंक जमानत जारी गर्ने वैंकको नाम :

अवधि :

दरभाउपत्रदाताको

दस्तखत :

फर्म/कम्पनीको नाम :

प्रोपाईटर/प्रतिनिधिको नाम :

ठेगाना :

मिति :

फर्म/कम्पनीको छाप :

फोन/मोवाइल नं. :

ऋषिङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरी भञ्ज्याङ, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## ठेक्काको विवरण

| ठेक्का नं. | घाटको नाम | न्युनतम अंक ( मु.अ.कर र आयकर वाहेक ) | दरभाउपत्र दाताको कवोल अंक - मु.अ.कर र आयकर वाहेक रु. |
|---|---|---|---|
| २ -आय ०८२/८३ | ऋषिङ्ग गाँउपालिका-७, सेतीगण्डकी टुनीबोटे घाट खण्ड नदिजन्य पदार्थ उत्खन्न तथा विक्री कार्य | ५,७०,०४९.८९/- (अक्षरुपी पाँच लाख सत्तरी हजार उनन्पचास रुपैंया उनन्नब्बे पैसा मात्र) | |
| अक्षरुपी : | | | |

**शर्तहरु**

क) त्यस कार्यालयको सुचनामा प्रकाशन गरेको तथा यसै दरभाउपत्र फाराममा उल्लेख भएका शर्त एवं अन्य कुराहरु प्रचलित ऐन नियम अनुसारका शर्तहरुमा मेरो मन्जुरी रहि यो दरभाउपत्र पेश गरेको छु ।

दरभाउपत्रदाताको

दस्तखत :

फर्म/कम्पनीको नाम :

प्रोपाईटर/प्रतिनिधिको नाम :

ठेगाना :

मिति :

फर्म/ कम्पनीको छाप :

फोन/मोवाइल नं. :

अनिल अंगाईं
प्रमुख प्रशासकीय अधिकृत

ऋषिङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरी भञ्ज्याङ, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

# दरभाउपत्र सम्बन्धि शर्तहरु

१. स्वीकृत ठेक्का अङ्कलाई २ (दुई) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% र दोस्रो किस्ता ५०% मध्ये पहिलो किस्ता ५०% सम्झौताको वखत दाखिला गरि बांकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट २०८३ असार मसान्त सम्म मान्य हूने बाँकी रकमको २०% थप गरि बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । ५० प्रतिशत रकमको किस्ता सम्झौताका वखत भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।

२. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर (VAT) १३ प्रतिशत र अग्रिम आयकर वापतको १.५ प्रतिशत रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

३. स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाउन चाहेमा औचित्य हेरी बढिमा बढिबढाउको १० प्रतिशत सम्म छुट दिन सकिनेछ (करहरु बाहेक) ।

४. दरभाउपत्रको खाम बाहिर कार्यालयलाई सम्बोधन गरि सूचनामा उल्लेख भएको ठेक्का नम्वर तथा कामको विवरण प्रष्ट रुपमा लेख्नु पर्नेछ ।

५. ऋषिङ्ग गाउंपालिकाकाको व्यक्तिगत तथा निषेधित क्षेत्रबाहेकका सेदी नदी दायाँबायाँ किनारको ढुंङ्गा, गिटी, वालुवा जस्ता नदिजन्य पदार्थ उपयोग तथा विक्री कर तोकिएको डिपोबाट अशूल गर्नूपर्ने छ । नदीनालाको पुल तल माथी दुबैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उठाउन पाइने छैन । त्यसैगरी व्यक्तिको निजी स्वामित्वमा रहेको तथा हाल भोगचलनमा रहेको जग्गाबाट कम्तीमा २५ मिटरसम्म प्राकृतिक स्रोत साधन साथै आई.ई.ई. रिपोर्टबाट निषेध गरेको क्षेत्रमा र दरभाउपत्र सूचनामा उल्लेखित परिमाण भन्दा वढी उठाउन पाइने छैन ।

६. प्राकृतिक साधन उपयोग तथा विक्री कर अशुल गर्दा कार्यालयले तोकिदिएको दररेटमा मात्र कर अशुली गर्नु पर्नेछ ।

७. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागी लोडर, डोजर, एक्साभेटर, जे.सि.वि. र ६ वटा टायर भएका जस्ता ठुलो हेभी उपकरण प्रयोग गर्न पाईने छैन ।

८. ढुंगा, गिटी, बालूवा, दहत्तर बहत्तरको उत्खनन् तथा संकलन कार्य सूर्यास्त देखि सूर्योदय नहूदासम्म गर्न पाईने छैन ।

९. प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने बाटो सार्वजनिक मैदानमा निश्चित तोकिएको एउटै बाटो प्रयोग गर्नु पर्ने तथा निकासीका लागि प्रयोग गरिएको बाटो गाउँपालिका कार्यालयको निर्देशनमा दरभाउपत्रदाताले मर्मत सूधार गर्नुपर्ने छ । साथै ढुवानी गर्ने क्रममा गर्नु पर्ने क्रसिङ्ग बाटो आफैले व्यवस्था गर्नु पर्नेछ ।

१०. प्राकृतिक स्रोत साधन उपयोग तथा विक्रीकर संकलन गर्ने प्रयोजनका लागी गा.पा. कार्यालयले आवश्यकता अनूसार डिपो निर्धारण गर्न सक्नेछ । साथै स्थानीय तहबाट निकासी गरिने नदिजन्य पदार्थको स्थानिय निकासी कर वा स्थानिय उत्पादन कर खरिद गर्नेले सम्बन्धित डिपोमा यस कर बाहेक छुटै तोकिएको कर बूझाउनू पर्नेछ ।

११. ढूवानी साधनले वहन गर्न पाउने तौल भन्दा वढी तौल राखी वा न्यून विलकारी ढूवानीका साधन सडकमा गुडाउन र नछोपी खूल्ला रुपले ढूवानी गर्न पाईने छैन ।

१२. नेपाल सरकारको मौजुदा कानुनी व्यवस्था अनुसार आषाढ, श्रावण, भाद्र १५ गते सम्म (२ महिना १५ दिन) नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न नपाईने व्यवस्था भएकाले सो को पुर्णरुपले पालना गर्नू पर्नेछ ।

अनिल अंगाई
प्रमुख प्रशासकीय अधिकृत

१३.दरभाउपत्र दाताले मासिक रुपमा आफूले उत्खनन् गरेको परिमाणको विवरण अनिवार्य रुपमा गाँउपालिकामा पेश गर्नुपर्नेछ ।

१४.उत्खनन् गरिएको नदिजन्य पदार्थ नदि किनारा वा सार्वजनिक चौरमा घाटगद्धी गर्न पाईने छैन, त्यसका लागि दरभाउपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नू पर्नेछ ।

१५.कुनै पनि बन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन । नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा ढूवानी गर्दा कूनै विवाद उत्पन्न भएमा दरभाउपत्रदाता स्वयंले व्यवस्थापन गर्नु पर्नेछ ।

१६.माथि उल्लेखित सर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउंपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट अशुल उपर गर्ने गरी कानुनी प्रकृया अपनाईने छ साथै अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

१७.स्थानीयलाई प्राथमिकता दिनको लागि निर्धारित दर भन्दा आपसी समझदारीमा दर कायम गर्नुपर्नेछ ।

१८.व्यक्तिको जग्गामा प्रतिकुल असर पर्ने गरि सामाग्री उठाउन पाईने छैन ।

१९.स्थानिय वातावरण तथा जग्गा जमिनको सुरक्षा समेतमा प्रतिकुल असर पर्ने गरि उत्खनन गर्न पाईने छैन ।

२०.ढुङ्गा, गिटि, वालुवाको संकलनको काम ,विक्रि दर, संकलन स्थल, क्षेत्रफल, परिमाण लगायतका विवरण उल्लेखित होर्डिङ्ग वोर्ड खानी क्षेत्रमा सवैले देख्ने गरि राख्नु पर्ने छ ।

२१. नदीनालावाट ढुङ्गा, वालुवा, गिटि ग्राभेल झिक्दा नदीको प्राकृतिक स्वरुप फेरिने गरि वहाव - परिवर्तन) खलवलिने, नदी किनार भित्तालाई क्षति पुग्ने गरि वा भुक्षय हुने गरि ढुङ्गा, गिटि, वालुवा झिक्न पाईने छैन । नदीको वहाव क्षेत्रमा मात्र नदी जन्य पदार्थ संकलन गर्नु पर्ने छ ।

२२.मुख्य मार्गवाट निर्माण सामाग्री झिक्न जान पर्ने स्थल सम्म जान आउन ठेकेदारले वाटो निर्माण गर्दा व्यक्तिगत निजी जग्गा पर्ने सम्वन्धित जग्गा धनिको मञ्जुरी लिनु पर्ने र वन क्षेत्र भएर जानु पर्ने भए डिभिजन वन कार्यालय तनहुँ संग सम्पर्क र समन्वय राखी काम गर्नु पर्ने छ ।

२३.नेपाल सरकारका स्थानिय निकायका कार्यालयवाट अमानतमा हुने निर्माण कार्यको लागी सरकारी साधनवाट ढुवानी गर्दा नदि जन्य सामाग्री निशुल्क उपलव्ध गराउनु पर्ने छ ।

२४.घाट क्षेत्र भित्र प्राकृतिक तवरले रहेका ठुला ढुङ्गाहरु कार्यालयको स्विकृती विना फुटाउन, तोड्न वा झिक्न, लान पाइने छैन । सो क्षेत्रमा प्राकृतिक वा ऐतिहासिक महत्वको कुनै वस्तु फेला परेमा कार्यालयमा वुझाउनु पर्ने छ ।

२५.स्वीकृत आई.ई.ई. प्रतिवेदनमा उल्लेख भए अनुसारको परिमाण र शर्तहरु पालन गर्नु पर्ने छ ।

२६. दरभाउपत्रदाताले दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गर्नु पर्ने छ ।

२७.विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं.०६५-६२००९६ सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

२८.साथै यस दरभाउपत्र सम्बन्धी शर्तमा छुट भएका कुरा प्रचलित कानुन बमोजिम रहनेछ ।

२९.यस घाटको नदिजन्य पदार्थ उत्खनन्को लागि पहुँच मार्ग नरहेकोले ऋषिङ्ग गाउँपालिकासँग स्वीकृति लिएर पहुँच मार्ग व्यवसायी आफैले व्यवस्था गर्नुपर्ने हुनेछ ।

अनिल अंगाई
प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्रसाथ पेश गर्नु पर्ने कागजात

फर्म /कम्पनी दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०८१/८२ को करचुक्ता प्रमाणपत्र तथा प्रोपाईटरको नागरिकताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि

ऋषिङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरी भञ्ज्याङ, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

अनिल अंगाई
प्रमुख प्रशासकीय अधिकृत